# महिला मानव अधिकार

## विषयगत पुस्तिका




राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर

सबैका लागि मर्यादा, समानता र न्याय

# महिला मानव अधिकार

विषयगत पुस्तिका

प्रकाशक

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

२०६९

| | | |
|---|---|---|
| **लेखन** | : | नीतु गर्तौला |
| **संयोजन** | : | वेदप्रसाद भट्टराई |
| | : | सूर्य बहादुर देउजा |
| **सम्पादन** | : | वेदप्रसाद भट्टराई |
| | : | दुर्गा खड्का |
| | : | सूर्य बहादुर देउजा |
| | : | सम्झना शर्मा |
| | : | जीवन न्यौपाने |
| **शुद्धाशुद्धी** | : | कैलाशकुमार सिवाकोटी |
| **प्रकाशन मिति** | : | जेठ, २०६९ |
| **संस्करण** | : | प्रथम |
| **प्रति** | : | २००० |
| **प्रकाशन नं.** | : | ८७ - १३७ - २०६९ |
| **सर्वाधिकार** | : | राष्ट्रिय मानव अधिकार आयोग, नेपाल । |
| **प्रकाशन सहयोगी** | : | राष्ट्रिय मानव अधिकार आयोग, क्षमता सवलीकरण परियोजना |
| **मुद्रण** | : | युनाइटेड ग्राफिक प्रिन्टर्स, फोनः ४००९५७० |

---

वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई यस पुस्तिका एवम् यसका अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ । यसबाहेक आयोगको पूर्व स्वीकृतीबिना यस पुस्तिकलाई व्यापारिक वा अन्य प्रयोजनको लागि पुनर्उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन ।

# पुस्तिका सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको स्थितिलाई सुनिश्चित गर्ने सन्दर्भमा आफ्नो स्थापनाकालदेखि नै विभिन्न ढङ्गबाट कार्य गर्दै आएको छ। मानव अधिकारका विविध विषय र सवालहरूलाई समष्टिगत रूपमा हेर्दा कतिपय विशिष्ट अधिकारहरूको उपभोगबाट वञ्चितीकरणमा परेका मानिसहरूको लागि मानव अधिकारको विषय गौण बन्न नजाओस् भन्ने उद्देश्यका साथै आयोग स्वयम्को आत्मसमीक्षा र भावी कार्ययोजनाहरूमा समेत परिमार्जन, परिष्करणको लागि यो विषयगत पुस्तिका प्रकाशन गर्ने जमर्को गरिएको छ। यसबाट यस क्षेत्रमा आयोगले गरेका कामकारबाहीहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सङ्क्षिप्तमा जानकारी गराउने प्रयास गरिएको छ। सम्बन्धित सरोकारवालाहरू सबैको सुझावबाट यसलाई भविष्यमा अझ परिस्कृत गर्दै लैजान सकिने छ।

यस पुस्तिकामा नेपालमा महिला मानवअधिकारको सङ्क्षिप्त परिचय, अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, आयोगले निर्वाह गरेको भूमिका तथा गतिविधिहरू, अनुसन्धान, अनुगमन र सम्वर्द्धनात्मक कार्यहरू, हाल आयोगमा अनुसन्धानको क्रममा रहेका उजुरीहरूको अवस्था, आयोगले प्रदान गर्ने सेवाहरू, आयोगका हालसम्मका प्रकाशनहरूएवम् विभिन्न निकायहरूसँग आयोगले गरेका सहकार्यसमेतलाई उजागर गर्ने चेष्टा गरिएको छ।

अन्त्यमा, यो परिचयात्मक पुस्तिका तयारीका क्रममा विशेष सहयोग गर्ने मानव अधिकार अधिकृत जीवन न्यौपाने, घनश्याम भण्डारी, तथ्याङ्क उपलव्ध गराई सहयोग गर्नुहुने मानव अधिकार सहायक तारादेवी वाग्ले, खिमानन्द बस्याल, मन्दिरा श्रेष्ठ लगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउने आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरू विशेष धन्यवादका पात्र छन्। आशा छ, यस विषयमा चासो राख्नुहुने सबै महानुभावहरूको लागि यो प्रकाशन एक उपयोगी सामग्री हुनेछ।

**राष्ट्रिय मानव अधिकार आयोग**

## विषय-सूची


| | पेज नं. |
|---|---|
| १. परिचय | १ |
| २. नेपालमा महिला मानव अधिकारको अवस्था | ३ |
| ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता | ५ |
| ४. आयोगको भूमिका | ७ |
| ५. आयोगका गतिविधिहरू | १० |
| ५.१. उजुरी ग्रहण | १० |
| ५.२ अनुगमन तथा अनुसन्धान | ११ |
| ५.३. सम्वर्द्धनात्मक गतिविधिहरू | १२ |
| ५.४ कानुन पुनरावलोकन तथा रायसुझाव | १६ |
| ५.५. उजुरीहरूको अवस्था र सिफारिसहरू | १७ |
| ५.६. आयोगले प्रदान गर्ने सेवाहरू | १८ |
| ५.७. आयोगका प्रकाशनहरू | १९ |
| ६. समन्वय र सहकार्य | २१ |
| ७. आयोगका कार्यालयहरू | २४ |

# महिला मानव अधिकार

## १. परिचय

### १.१.पृष्ठभूमि

मानिसले मानिस भएकै हैसियतले प्राप्त गर्ने सबै अधिकारहरूलाई मानव अधिकार भनिन्छ। मानिस हुनुको हैसियतलाई सम्मानपूर्वक कायम गर्न मानव अधिकारको आवश्यकता पर्दछ। महिला पनि मानव भएको कारणले सबै मानवअधिकार महिलाका पनि अधिकार हुन्। महिलाका विशेष अवस्थाहरूलाई ध्यान दिँदै संयुक्तराष्ट्रसङ्घको महासभाले महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १८ डिसेम्बर १९७९ मा पारित गरी ३ सेप्टेम्बर १९८१ देखि लागू गरेको हो। नेपालले यस महासन्धिलाई २२ अप्रिल १९९१ मा अनुमोदन गरेको थियो। यस महासन्धिले महिलाविरुद्धको भेदभावको परिभाषा गरेकोछ।

सबै राष्ट्रहरूले महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलनका लागि उपयुक्त उपायहरू अवलम्बन गर्न तथा बिना ढिलाइ महिलाविरुद्ध हुने भेदभाव उन्मूलनको नीति अवलम्बन गर्न जोड दिएको छ। त्यसैगरी महिलाविरुद्ध भेदभाव सिर्जना गर्ने प्रचलित कानुन, नियम, परम्परा, तथा व्यवहरालाई परिर्वतन वा उन्मूलन गर्न कानुनी व्यवस्था लगायत सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्न जोड दिन्छ तथा त्यस्ता विभेद सिर्जना गर्ने सामाजिक तथा सांस्कृतिक ढाँचासमेत परिवर्तन गर्न जोड दिँदै समानताको सिद्धान्तलाई राष्ट्रिय संविधान वा कानुनमा समावेश गरी तथा कानुन र अन्य उपयुक्त माध्यमद्वारा समानतासम्बन्धी सिद्धान्त व्यवहारतः सुनिश्चित गर्न महिलाहरूमथि गरिने सबै प्रकारको भेदभावको उन्मूलनको लागि पक्षराष्ट्रहरूले अपनाउनुपर्ने कानुनी र अन्य उपर्युक्त उपायहरूलाई जोड दिएको छ।

२०५७ जेठ १३ गतेराष्ट्रिय मानव अधिकार आयोग स्थापना भएपश्चात् आयोगले महिला विभेदविरुद्धको अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका

लागि निर्वाह गरेको भूमिकाका बारेमा सर्वसाधारण, नागरिक समाज, मानव अधिकारका क्षेत्रमा कार्यरत अधिकारकर्मीहरू लगायत सम्बद्ध सम्पूर्ण सरोकारवाला अधिकारी, निकायहरूलाई जानकारी, सुसूचित गर्ने मुख्य उद्देश्यले महिला अधिकारसम्बन्धी विषयगत परिचयात्मक पुस्तिका प्रकाशन गरिएको हो । प्रस्तुत पुस्तिकामा आयोगले महिला अधिकारविरुद्धको विभेद स्थिति, अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू, आयोग स्थापनादेखि हालसम्म सम्बन्धित विषयमा परेका उजुरी र उजुरीहरूउपर आयोगले गरेका कामकारबाही एवम् गतिविधिहरू, नागरिक समाज लगायत सरोकारवाला निकायहरूसँगको सहकार्य लगायतका विषयहरूलाई सम्बोधन गरिएको छ । प्रस्तुत पुस्तिकामार्फत यस क्षेत्रमा कार्यरत सम्पूर्ण सङ्घसंस्थाहरू, मानव अधिकार कर्मीहरू समेतलाई सहयोग पुग्ने विश्वास गरिएको छ ।

## १.२. महिला मानव अधिकार इकाइ

आयोगले आफ्नो स्थापनादेखी नै महिला मानव अधिकारको सवालहरूलाई प्रथामिकताका साथ हेर्दैआएकोछ । महिलामाथि भएका हिंसा र ज्यादतिको विरुद्ध उजुरी ग्रहण गरी अध्ययन, अनुसन्धान तथा अनुगमन, तालिम, सचेतनाजस्ता कार्यहरू गर्दै आएकोछ । हाल आयोगमा महिला मानव अधिकारसम्बन्धी विषय हेर्ने गरी एक जना अधिकृत तोकिएको छ । त्यस्तै मानव बेचबिखन गम्भीर चुनौतीको रूपमा रहेकाले मानव अधिकार बेचबिखन तथा ओसारपसार सम्बन्धमा अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव पठाउनको लागि आयोगमा छुट्टै संयन्त्रको आवश्यकतालाई महशुस गरियो । यसलाई कार्यरूप दिन महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र आयोगबीच भएको सहमति अनुसार २०५९ साल भदौ १३ गते राष्ट्रिय समाधीक्षकको कार्यालयको स्थापना गरी वि.सं. २०५९ पुस २६ मा राष्ट्रिय समाधीक्षकको नियुक्ति गरेको थियो । यस कार्यालयले मानव बेचबिखन/ओसारपसार विरुद्धका घट्नाहरूको अनुगमन गरी नेपाल सरकारलाई उपयुक्त परामर्श प्रदान गर्ने, मानव बेचबिखन/ओसारपसार घटनाको अध्ययन र अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । त्यसैगरी मानव बेचबिखन/ओसारपसार विरुद्ध चेतनामूलक कार्यक्रम गर्ने, मानव बेचबिखन/ओसारपसार विरुद्ध कार्य गरिरहेका अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग

समन्वय र सहयोग गर्ने, मानव बेचबिखन/ओसारपसार सम्बन्धमा उजुरी तथा गुनासा ग्रहण गरी सम्बन्धित निकायको ध्यानकर्षण साथै आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउने लगायतका कार्य गर्दै आइरहेको छ ।

## २. नेपालमा महिला मानव अधिकारको अवस्था

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार नेपालमा कुल जनसङ्ख्याको ५१.४७ प्रतिशत महिला सङ्ख्या रहेको छ । परापूर्वकालदेखि नै नेपालमा महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा हेर्ने गरिएको पाइन्छ । महिला आर्थिक रूपमा पुरुषमा निर्भर हुनुपर्ने, घरायसी र बच्चा जन्माउने कार्यमा महिलाको महत्त्वपूर्ण भूमिका रहेपनि महिलाको कामलाई देशको ग्राहस्थ्य उत्पादनमा गणना नहुने, सम्पत्तिको अधिकारमा असमानता, पितृसत्तात्मक समाज, छोराले स्वर्ग तार्दछ भन्ने मान्यता रहिआएको छ । सामाजिक कुप्रथारू, जस्तै– झुमा, देउकी, छाउपडी, वकैल्य, कुमारीजस्ता प्रथाहरू प्रचलनमा रहेका छन् । दाइजो तथा तिलक, बालविवाह, मन्जुरीबिना विवाह, बोक्सीको रूपमा महिलालाई आरोप लगाई जिउँदै जलाउने, दाइजो नल्याएको कारण कुटपिटदेखि मार्नेसम्म कार्यले नेपाली समाजमा महिलाहरू चरम् विभेदको शिकार भैरहेका छन् ।

महिलामाथि हुने विभेद घरैबाट सुरु हुन्छ । विकास सँगसँगै महिलामाथि हुने विभेद, हिंसाको प्रकार र रूप पनि फरक हुँदै गइरहेको छ । मावन जीवन सहज र सरल बनाउनको लागि भएको वैज्ञानिक आविष्कारहरूको समेतको दुरुपयोग गरी आजसम्म पनि महिलामाथि हिंसा गरिन्छ । जस्तो–भिडियो एक्सरेको प्रयोग गरेर भ्रूणको पहिचान गरी गर्भपतन गर्ने परिपाटीलाई लिन सकिन्छ । यसरी नेपाली समाजमा महिलाविरुद्ध विभिन्न हिंसा विद्यमान रहेको छ ।

त्यसैगरी बढ्दो बेरोजगारी र श्रमको उचित कदर नहुँदा मानिसहरू देशबाहिर रोजगारको खोजीमा जाने क्रम बढ्दो छ र यसरी विदेशिनेहरूमा महिलाहरू अत्यन्त जोखिममा छन् । उनीहरूलाई यौनशोषण तथा देहव्यापारको लीग जबरजस्ती प्रयोग गरिने क्रम ज्यादै बिकराल हुँदै गएको छ, जसको प्रत्यक्ष, परोक्ष चपेटामा नेपाली महिलाहरू परिरहेका छन् ।

त्यसै गरी एक दशक लामो सशस्त्र विद्रोहले महिलाहरूमा राजनैतिक चेतना अभिवृद्धि भएको देखिन्छ। राजनैतिक पदहरूमा महिलाहरूको उपस्थिति उल्लेख्य उत्साहाजनक भएको देखिए तापनि महिलाको आर्थिक र शैक्षिकस्तरमा उल्ल्लेख्य वृद्धि हुन सकेको छैन। महिला राजनैतिक र नीतिनिर्माण तहमा महिलाको पहुँच नहुनु र निषेध गरिनु, केवल मतदाताको रूपमा र पुरुषको इच्छामा मतदान गर्नुपर्ने अवस्था हुनु, उम्मेदवारी हुनमा विविध कारणहरूबाट रोकावट वा व्यवधानहुनु, कुनैपनि राजनैतिक दलहरूले नारामा मात्र सीमित तथा व्यवहारमा महिला प्रतिनिधि गराउनमा सङ्कोच र सङ्कीर्ण मानसिकता, राज्यको सबै तहमा महिलाको प्रतिनिधित्व कम्तिमा ३३ प्रतिशत हुनुपर्ने व्यवस्था भएपनि निर्णय तहमा महिलाको सहभागिता न्यून रहेको पाइन्छ। त्यसै गरी महिलाहरूको शैक्षिक अवस्था कमजोर रहेको कारण नेपाल सरकारका विभिन्न सेवाहरूमा उत्साहजनक रुपमा उपस्थिति देखाउन सकेका छैनन्।

महिलाहरूको उल्लिखित अवस्थामा सुधार ल्याउनको लागि नेपाल सरकार तथा राजनीतिक दलबाट महिला संरक्षणमा केही सकारात्मक प्रयासहरू भएकाछन्। नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ को मौलिक हकअर्न्तगत महिलाअधिकारलाई समावेश गरिएको, लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले मुलुकी ऐन लगायतका ऐनहरूमा संशोधन गरेकोछ। महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको इच्छाधीन आलेखलाई नेपालले अनुमोदन गरिसकेको छ। महिला अधिकारको संरक्षणको दिशामा यसलाई सकारात्मक रूपमा लिन सकिन्छ।

महिला मानवअधिकारको संरक्षण गर्नु राज्यको प्रमुख दायित्व रहन्छ भने सरकारी निकायहरू, गैरसरकारी तथा महिला अधिकारसँग सम्वन्धित सङ्घसंस्थाहरू, सञ्चारमाद्यमहरूले पनि महिला मानव अधिकारसम्बन्धी जनचेतना फैलाउनुपर्ने, महिला मानव अधिकार सम्बन्धमा वकालत गर्ने जस्ता भूमिका निर्वाह गर्नु आवश्यक देखिन्छ।

महिला मानव अधिकारविरुद्ध हुने घटनाहरू समाज तथा परिवारको डर त्रासले गर्दा बाहिर आउन सकेका छैनन्। आयोगमा प्राप्त हुन आएका महिला मानवअधिकारका उजुरीहरूको सम्बन्धमा आयोगबाट अनुगमन तथा अनुसन्धान गर्नुका साथै केही आवश्यक कारबाहीको लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउने कार्यसमेत भएको छ।

# ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता

## ३.१. राष्ट्रिय कानुनहरू

नेपालको अन्तरिम संविधान २०६३ धारा १२ मा समानताको हकअर्न्तगत सबै नागरिक कानुनको दृष्टिमा समान छन । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने, राज्यले नागरिकहरूका वीच लिङ्गका आधारमा भेदभाव नगरिने, त्यस्तै समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने, महिलाको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने कुरा उल्लेख छ । धारा २० मा महिलाको हकअर्न्तगत महिला भएकै कारणबाट कुनैपनि किसिमको भेदभाव नगरिने, महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजननसम्बन्धी हक हुने, महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने, पैत्रिक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने सम्बन्धमा उल्लेख गरिएको छ । त्यस्तै धारा २१ मा सामाजिक न्यायकको हकमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रदान गरेको छ ।

मुलुकी ऐनमा भएको ११ औं संशोधनमा छोरीलाई पनि पैतृक सम्पत्तिमा समान अंश प्राप्त गर्ने हक, एकल महिला (विधवा) लाई अंशको पूर्ण अधिकार पुनर्विवाह गरे पनि कुनै पनि बेला स्वेच्छाले उपभोग गर्न पाउने अधिकारको व्यवस्था छ । श्रीमतीले छुट्टै बस्न चाहेमा वा अंश लिन चाहेमा ३५ वर्ष उमेर पार गर्नुपर्ने र विवाहको १५ वर्ष बिताउनुपर्ने प्रावधान हटाई श्रीमानको सम्पत्तिमा श्रीमतीको अधिकार, छोरीलाई पनि छोरा सरहकै खानलाउन, उचित शिक्षा र स्वास्थ्यको अधिकार हुने व्यवस्था रहेको छ ।

यसबाहेक केही सार्वजनिक (अपराध र सजाय) ऐन , २०२७ , गाली बेईज्जति ऐन, २०१६, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, मुलुकी ऐन कुटपिटको महल, अपराध संहिता तथा फौजदारी कार्यविधि संहिता मस्यौदा तथा प्रतिवेदन २०५८, घरेलु हिंसा (कसूर, सजाय) ऐन २०६६, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ मा समेत महिला मानव अधिकारसम्बन्धी प्रावधान रहेकाछन् । त्यस्तै राज्यले राष्ट्रिय

महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मानवअधिकार आयोग, नेपाल प्रहरीमा, महिला बालवालिका सेवा केन्द्र प्रधान मन्त्रीको कार्यालयमा, लैङ्गिक हिंसा विरुद्ध उजुरी व्यवस्थापन तथा अनुगमन इकाई लगायत संयन्त्रको समेत व्यवस्था गरेको छ ।

## ३.२. अन्तर्राष्ट्रिय कानुनहरू

मानवअधिकारको विश्वव्यापी घोषण पत्र १९४८ मा जाति, रंग, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति जन्म वा अन्य कुनै हैसियतजस्ता कुनै पनि कुराको आधारमा भेदभावबिना प्रत्येक व्यक्ति यस घोषणपत्रमा उल्लिखित अधिकार तथा स्वतन्त्रताको हकदार हुने,कानुन समक्ष सबै समान र बिनाभेदभाव कानुनमा समान संरक्षण पाउने, पूर्ण उमेरका पुरुष तथा महिलाहरूलाई जाति, राष्ट्रियता वा धर्मको कुनै प्रतिबन्धबिना विवाह गर्न पाउने र परिवार स्थापना गर्ने अधिकार, समान कामका लागि बिनाभेदभाव समान तलब पाउने प्रावधान छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ मा सबै व्यक्तिलाई जाति, वर्ण, भाषा, धर्म, विचार, राष्ट्रिय वा सामाजिक उत्पति वा अन्य कुनैपनि हैसियतमा बिना भेदभाव अधिकारको सम्मान तथा सुनिश्चितता गरेकोछ । त्यस्तै सबै नागरीक तथा राजनैतिक अधिकारहरूको उपभोग गर्ने पुरुष तथा महिलाको अधिकार सुनिश्चिता गरेको छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६ मा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरू जाति, वर्ण, लिङ्ग समेतको हैसियतमा बिनाभेदभाव उपभोग गर्न पाउने,महिला र पुरुषबीच समान अधिकारको सुनिश्चितता, स्वतन्त्र सहमतिमा विवाह गर्नपाउने, बच्चा जन्मनुअघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण, तलबी तथा पर्याप्त सामाजिक सुरक्षासहितको विदा दिनुपर्ने, व्यक्ति तथा परिवारको पर्याप्त जीवनस्तर तथा जीविकाको लागि भोजन, लुगा तथा आवाससमेतको निरन्तर सुधारको अवस्था, खाद्यान्न, स्वास्थ, शिक्षा, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने, उपलब्ध श्रोतहरूको अधिकत्तम मात्रामा उपभोग गरी व्यवस्थापकीय उपायहरूको अबलम्बन गरी प्रगतिशील रूपमा प्रयोग गर्दै जाने जस्ता महिला मानव अधिकारसँग सम्बन्धित प्रावधानहरू रहेकाछन् ।

महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ मा महिलाविरुद्ध भेदभावको परिभाषा, राजनीतिक, आर्थिक, सामाजिक सबै

क्षेत्रमा समान अधिकार, पुरुष तथा महिलाको भूमिकामा आधारित पूर्वाग्रह र प्रथाहरूको उन्मूलन, बेचबिखन तथा वेश्यावृत्तिको लागि गरिने यौन शोषण विरुद्धको अधिकार, सार्वजनिक र राजनीतिक जीवनमा महिलाको सहभागिताको अधिकार, राष्ट्रियता (नागरिकता) सम्बन्धी अधिकार, रोजगारीको अधिकार, स्वास्थसम्बन्धी अधिकार, आर्थिक सामाजिक लाभको अधिकार, ग्रामीण महिलालाई विशेष अधिकार, कानुनी समानताको अधिकार, विवाह तथा परिवार स्थापनाको अधिकारको व्यवस्था गरेकोछ ।

त्यस्तै जीउ मास्नेबेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महसन्धि, वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सो विरुद्धसङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएका सार्क महासन्धि र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव १३२५ र १८२० पनि महिला मानव अधिकासँग सम्बन्धित अन्तर्राष्ट्रिय प्रावधानहरू रहेकाछन् ।

### ३.३. विश्वयाव्यापी आवधिक समीक्षा

- लैङ्गिक तथा जातका आधारमा जोखिमपूर्ण अवस्थाम रहेका तथा सीमान्तकृत समूहहरूविरुद्ध हुने भेदभाव उन्मूलन गर्नका लागि सबैप्रकारका भेदभावहरूलाई अपराधका रूपमा परिभाषित गर्ने कानुन निर्माण लगायतका थप उपायहरू अवलम्वनगर्न सिफारिस गरेकोमा नेपाल सरकारले उक्त सिफारिसलाई ग्रहण गरी व्यवस्थापिका संसदद्धारा छुवाछुत (अपराध र दण्ड) विधेयक २०१० मा पारित गरेको छ ।
- जातीय भेदभाव, महिला आयोग, दलित आयोग, आदिवासी लगायत वर्गका लागि सम्बन्धी ऐन कानुनको तथा नीतिनियमको पुनरावोलकन गर्न सिफारिस गर्न भएकोमा नेपाल सरकारलाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरूप्रति प्रतिवद्धता व्यक्त गरेको थियो ।

## ४. आयोगको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नका निमित्त गहन जिम्मेवारी दिएको छ । संविधानको धारा ३२ अन्तर्गत राष्ट्रिय मानवअधिकार आयोगको काम कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गर्दै मानव अधिकारको सम्मान,

संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख भएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव विरुद्धसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको कार्यान्वयनका लागि नेपाल सरकारलाई अभिसन्धिमा उल्लिखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अभिसन्धिमा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको हो। यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी सुझाव, परामर्श उपलव्ध गराउँदै आएको छ। आयोगलाई संविधान तथा ऐन प्रदत्त काम तथा कर्तव्य पूरा गर्नका लागि आयोगले गर्नुपर्ने काम तथा अधिकारको सम्बन्धमा देहायका बुँदाहरूमा सङ्क्षिप्तरूपमा उल्लेख गरिएको छ :

१. आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्ने।

२. मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि अन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा नेपाल सरकारले प्रतिवेदन पठाउनुअघि रायको लागि आयोगसमक्ष लेखी पठाउने।

३. आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकता अनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउने।

४. मानव अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने।

५. मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने।

६. आयोगमा प्राप्त उजुरी वा जानकारी वा आयोगले स्वविवेकमा छानबिन तथा अनुसन्धान गरेको विषय तथ्यहीन लागेमा वा सो विषय आयोगको

क्षेत्राधिकारभित्र पर्ने नदेखिएमा आयोगले सोको कारण खुलाई त्यस्तो उजुरी, जानकारी वा विषय जुनसुकै समयमा खारेज गर्न वा तामेलीमा राख्न सक्ने ।

७. अन्तर्राष्ट्रिय कानुनबमोजिम मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन मानिने विषय वा प्रचलित कानुनबमोजिम मिलापत्र हुन नसक्ने विषयमा बाहेक आयोगमा विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गराइ पाउन संयुक्त निवेदन दिएमा आयोगले तोकिएबमोजिम मेलमिलाप गराइदिन सक्ने ।

यसप्रकार आयोगको संविधान तथा ऐन प्रदत्त काम कर्तव्यको समग्र रूपमा विश्लेषण गर्दा आयोगलाई मानव अधिकार संरक्षणात्मक कार्य, मानव अधिकार सम्वर्द्धनात्मक कार्य एवम् मानव अधिकारको वकालती गरी तीनवटा प्रमुख जिम्मेवारीहरू प्रदान गरिएको पाइन्छ ।

आयोगलाई प्राप्त संबैधानिक तथा कानुनी अधिकारमार्फत महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अभिसन्धिमा उल्लेख भएका प्रावधानहरूको कार्यान्वयन गर्ने सन्दर्भमा राष्ट्रिय संविधान र कानुनमा उल्लेख भएका प्रावधानहरूको पालना भएनभएको अनुगमन गर्ने, सम्बन्धित विषयका उजुरीहरू ग्रहण गर्ने, अनुसन्धान गर्ने र नेपाल सरकारसमक्ष आवश्यक सिफारिस गर्ने, सिफारिस तथा आयोगको निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुनबमोजिम सार्वजनिक गरी अभिलेख राख्नेजस्ता संरक्षणात्मक कार्यहरू गर्दछ । यसैगरी मानव अधिकारको उल्लङ्घन र दुरुत्साहन रोक्ने सम्बन्धमा छानबिन एवम् अनुसन्धान गर्ने, नेपाल सरकार मातहतका विभिन्न निकाय, कारागार, थुनुवाकेन्द्रहरू वा कुनै संस्थाको अवलोकन भ्रमण, निरीक्षण गरी त्यस्ता निकाय वा संस्थाहरूको कामकारबाही, भौतिक सुविधा, जनजिविका र मानव अधिकारसम्बन्धी विषयवस्तुहरूमा आवश्यक सुझाव दिने, मानव अधिकारसम्बन्धी कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि सिफारिस गर्ने समेतका संरक्षणात्मक कार्यहरू पनि आयोगले गर्दछ ।

मानव अधिकार सचेतना अभिवृद्धि गर्न नागरिक समाज, मानव अधिकार सङ्घसंस्था र सम्बन्धित निकायसँग सहकार्य गर्ने समेतका सम्वर्द्धनात्मक कार्य गर्ने अधिकार तथा दायित्व आयोगलाई रहेको छ । सम्वर्द्धनात्मक

कार्यअन्तर्गत आयोगले तालिम, सेमिनार, गोष्ठी, सम्मेलन गर्ने, विद्युतीय लगायत विभिन्न सञ्चारमाध्यमको प्रयोग गरी सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने, पुस्तक एवम् आयोगका गतिविधि र मानव अधिकारका क्षेत्रमा उपयोगी हुने विविध विषय समावेश गरी जानकारी र सूचनामूलक प्रकाशनहरू प्रकाशित गर्ने, मानव अधिकार शिक्षाको प्रचारप्रसार गर्ने समेतका कार्यहरू पर्दछन् ।

उल्लिखित महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अभिसन्धिको कार्यान्वयनका लागि नेपाल सरकारलाई अभिसन्धिमा उल्लिखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अभिसन्धिमा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको हो । यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो सुझाव, परामर्श उपलव्ध गराउँदै आएको छ ।

## ५. आयोगका गतिविधिहरू

राष्ट्रिय मानव अधिकार आयोगले साविकमा मानव अधिकार आयोग ऐन, २०५३, वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ र मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम आयोगले मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ । मानव अधिकार संरक्षण सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनमा आयोगको निरन्तर गतिविधिहरू एवम् पेरिस सिद्धान्तअनुरूप आयोगले प्राप्त गरेको स्वतन्त्र संस्थाको हैसियतले आयोग स्थापनाको ८ महिनाभित्रै राष्ट्रिय मानव अधिकार संस्थाहरू (National Human Rights Instituions) को अन्तर्राष्ट्रिय समन्वय समिति (International Co-ordination Commitee-ICC) बाट आयोगलाई A स्तरको हैसियत प्राप्त हुनुका साथै हालसम्म पनि A स्तरमै कायम रहन सफल भएको छ । आयोगका गतिविधिहरू निम्नलिखित विषयमा केन्द्रितरहेका छन्:

### ५.१ उजुरी ग्रहण

आयोगले निम्न माध्यमहरूबाट उजुरी ग्रहण गर्दछ :

- लिखित वा मौखिक निवेदन,
- टेलिफोन वा फ्याक्स,

- हुलाक, डाक, टेलीग्राम, इमेल वा लिखित अभिलेख राख्न सकिने अन्य सञ्चारका माध्यम र
- स्वविवेकीय अधिकार प्रयोग गरी आफैँ उजुरी ग्रहण गरी ।

यसरी ग्रहण गरिएका उजुरीहरूमा सामान्यतया उजुर गर्ने र पीडित व्यक्तिहरूको बिस्तृत विवरणहरू उल्लेख भएको हुनु पर्दछ । यसैगरी उजुरीको विषय, उल्लङ्घन भएको मानवअधिकार, घटनाको विवरण, मागदाबी पुष्टि हुने प्रमाणहरू, माग गरेको उपचार, अन्य सङ्घसंस्थामा उजुर गरेको भए सो समेत खुलाउनुपर्दछ । यसरी प्राप्त भएको उजुरीहरूको अनुसन्धानपश्चात् निर्णय गरी निर्णय कार्यान्वयनका लागि आयोगले नेपाल सरकारसमक्ष सिफारिस गर्दछ ।

## ५.२ अनुगमन तथा अनुसन्धान

मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरूको प्रमुख कार्यहरूमध्ये अनुगमन तथा अनुसन्धान प्रमुख कार्य हो । नेपालको अन्तरिम संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार आयोगले महिला मानव अधिकारका उल्लङ्घन भएको भनी आयोगमा दर्ता हुन आएको उजुरीको अनुसन्धान गरी आयोगसमक्ष प्रतिवेदन पेश गर्दछ । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७अनुसार आयोगले सम्बन्धित मानव अधिकार उल्लङ्घन भएको व्यक्तिलाई क्षतिपूर्ति उपलव्ध गराउन र मानव अधिकार उल्लङ्घन कर्तालाई कानुनबमोजिम कारबाही गर्न सिफारिस गर्दछ ।



## ५.३. सम्वर्द्धनात्मक गतिविधिहरू

आयोगले निर्वाह गर्नुपर्ने दायित्वमध्ये सम्वर्द्धनात्मक कार्य महत्त्वपूर्ण कार्य हो । आयोगले सम्वर्द्धनात्मक कार्यक्रम, सचेतना कार्यक्रम सञ्चालन गरी मानव अधिकारको प्रचारप्रसार आफ्ना कार्य, गतिविधिहरू मार्फतस म्बन्धित सबै पक्षहरूका लागि जानकारी दिने गर्दछ । आयोगबाट सम्पन्न गरेका केही सम्वर्द्धनात्मक गतिविधिहरूलाई देहायबमोजिम सङ्क्षिप्त चर्चा गरिएको छः

- २०५९ पुस ४मा बोक्सीको नाममा महिलाथि हुने हिंसाविरुद्ध चेतना फैलाउने मूल उद्देश्यले तराईका धनुषा, महोत्तरी, सर्लाही र सिराहा जिल्लामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा धनुषा जिल्लाको गोपालपुर र हरिहरपुर, महोत्तरी जिल्लाको गैढाभेटपुर रऐकडेरावाला, सर्लाही जिल्लाको गौरीशङ्कर गाविस र जनता प्रस्तावित मावि, सिराहा जिल्लाको चन्दलालपुर र राजपुरमा बोक्सीको नाममा महिलामाथि हुने हिंसाविरुद्ध चेतना फैलाउने मूल उद्देश्यले जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो ।
- २०६३ फागुन २३ मा राजनीतिक दलका प्रतिनिधि, सरकारी उच्च पदाधिकारी, नागरिक समाज, पेशागत सङ्गठनका प्रतिनिधि, विभिन्न गैरसरकारी संस्था, चलचित्र कालाकारहरूको सहभागीतामा महिला अधिकार संरक्षण र सम्वर्द्धनमा राष्ट्रिय मानव अधिकार आयोग र अन्य मानव अधिकारसम्बन्धी सङ्घसंस्थाहरूको भूमिका विषयक अन्तर्क्रिया आयोजना गरिएको थियो ।
- २०६६ फागुन २३ मा आगामी संविधानमा महिला अधिकार सुनिश्चित गर्नको लागि सरोकारवालाहरूको भूमिकाको सम्बन्धमा छलफल गरी सुझावहरू सङ्कलन गर्ने उद्देश्यले सरकारी, गैरसरकारी संस्था र सुरक्षा निकायका प्रतिनिधिहरूको सहभागितामा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।
- २०६६ भदौ २० गते आयोगको उपक्षेत्रीय कार्यालय बुटवल, वेलहिया, रुपन्देहीमा महिला बेचबिखनविरुद्ध जनमानसमा चेतना अभिवृद्धिगर्ने उद्देश्यले सरकारी तथा गैससका प्रतिनिधिहरू, सञ्चारकर्मी, महिला एवम् विद्यार्थीहरूद्वारा र्‍यालीको आयोजना गरिएको थियो ।
- २०६६ मङ्सिर २३ मा महिला हिंसाविरुद्ध १६ दिने अभियान अन्तर्गत महिला हिंसाविरुद्ध जनमानसमा चेतना अभिवृद्धि गर्ने उद्देश्यले नागरिक

समाज, गैससका प्रतिनिधिहरू, सञ्चारकर्मी, स्थानीय आमा समूह सम्वद्ध एवम् स्थानीय महिलाहरूको सहभागीतामा एक दिने अन्तर्क्रिया रुपन्देहीमा सम्पन्न गरिएको थियो ।

- २०६७ जेठ ९ र १० मा उपक्षेत्रीय कार्यालय बुटवलबाट चितवन जिल्लामा महिला अधिकारसम्बन्धी सचेतना जगाउने उद्देश्यले महिलामाथि हुने हिंसा र महिला अधिकार विषयक २ दिने गोष्ठी कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा महिला समूहका प्रतिनिधि, महिला मानवअधिकारकर्मी एवम् सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।
- २०६६ मङ्सिर २२ मा जुम्ला उपक्षेत्रीय कार्यालयबाट जुम्ला जिल्लामा महिलामाथि हुने हिंसाविरुद्ध १६ दिने अभियानले सचेतनाअभिबृद्धि गर्ने उद्देश्यले महिलामाथि हुने हिंसा र मानव अधिकार विषयमा एक दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।
- २०६६ कार्तिक २९ मा कैलाली को धनगढीमा महिला अधिकारको अवस्थाको बारेमा जानकारी लिने तथा मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूसँग समन्वय तथा सहकार्यको वातावरण तयार गर्ते प्रमुख उद्देश्य राखी महिला अधिकारको अवस्था र सरोकारवालाहरूको भूमिका विषयक एक दिने गोष्ठी सम्पन्न गरियो। उक्त कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चारकर्मी, आदिवासी जनजाति, महिला तथा दलितसम्बन्धी अधिकारको क्षेत्रमा कार्यरत अधिकार कर्मीहरूको उल्लेख्य सहभागीता रहेको थियो ।
- २०६७ फागुन २३ मा महिलाविरुद्ध हिंसाका घट्नाहरूलाई उजागार गर्न र न्याय दिलाउन सञ्चार माध्यमले समाचार सम्प्रेषणमा थप जोड दिन अभिप्रेरित गर्ने उद्देश्यले महिला अधिकारका विषयमा कन्चनपुरमा क्षेत्रीय गोष्ठीको आयोजना गरिएको थियो । कार्यक्रममा महिला मानव अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधि एवम् सञ्चार कर्मीहरूको सहभागीता रहेको थियो ।
- २०६७ चैत ९ गते आयोगको क्षेत्रीय कार्यालय विराटनगरले विश्वव्यापी आवधिक (UPR)समीक्षा र महिला अधिकारका विषयमा छलफल गराउने उद्देश्यले महिला हक अधिकारका विषय र (UPR) माउठाउनुपर्ने सवालहरूमा सुझाव सङ्कलन गर्नका लागि विश्वव्यापी आवधिक समीक्षा र महिला अधिकार विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको थियो ।

उक्त कार्यक्रममा सरकारी निकायका प्रमुख एवम् प्रतिनिधिहरू, महिला अधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थामा कार्यरत व्यक्तिहरू, नागरिक समाजका व्यक्तिहरू, र सञ्चारकर्मीहरूको सहभागीता रहेको थियो ।

- २०६८ असार १३ मा सुनसरीमा बोक्सीको आरोपमा दुर्व्यवहारसम्बन्धी घट्नामा छलफल गर्न जिल्लास्थित मानवअधिकारकर्मी, स्थानीय शान्ति समितिका पदाधिकारीहरू समेतको सहभागितामा एक छलफल कार्यक्रम सञ्चालन गरिएको थियो ।
- २०६८ असार १५ मा विश्वव्यापी आवधिक समीक्षा र महिला अधिकारका सवालहरू विषयमा ओरेक नेपाल र मानवअधिकार आयोग क्षेत्रीय कार्यालय, विराटनगरको संयुक्त पहलमा प्रतिवेदनमाथि छलफल गरी महिला अधिकारका सवालहरू पहिचान गर्ने उद्देश्यले महिला अधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका व्यक्तिहरू, सञ्चारकर्मीहरू लगायतको उपस्थितिमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।
- २०६७ माघ १७ मामहिलाविरुद्धका हिंसा न्यूनिकरणमा सहयोग पुऱ्याउने उद्देश्यले फातिमा फाउण्डेसनका प्रतिनिधिहरूलाई लक्षित गरी आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जले एक छलफल कार्यक्रमको आयोजना गरेको थियो ।
- २०६८ जेठ ३१ मा महिला अधिकार रक्षकका चुनौती र महिला हिंसाविरुद्धका उजुरीका सम्बन्धमा छलफल गर्ने उद्देश्यले आयोगको क्षेत्रीय कार्यालय, नेपालगञ्जले महिला मानव अधिकार सञ्जाललाई लक्षित गरी एक छलफल कार्यक्रम आयोजना गरेको थियो ।
- २०६७ फागुन २३ मा आयोगको क्षेत्रीय कार्यालय, धनगढीले महिला मानव अधिकारको अवस्था र सरोकारवालाको दायित्व विषयमा दार्चुलामा आयोजनामा जिल्लामा महिला मानव अधिकारको अवस्थाबारेमा तथ्यहरू सङ्कलन गर्ने उद्देश्यले महिला अधिकारको क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधिहरू सरकारी निकाय/सुरक्षा निकायका प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूहरको सहभागिता अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो ।




- २०६७ मङ्सिर २५ मा १९औं अपाङ्ग दिवस, लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान तथा ६२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा आयोगको उपक्षेत्रीय कार्यालय खोटाङले महिला हिंसाविरुद्धको नाटक प्रदर्शन गरेको थियो । गीत एवम् नाटकमार्फत समाजमा मानव अधिकार, महिला अधिकार लगायतका विषयमा चेतना जगाउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा जिविस, इन्सेक, नेपाल मानवअधिकार सङ्गठन, जनसेवा समाज, राष्ट्रिय दलित कल्याण समाजसङ्घ, महिला मानव अधिकार सञ्जाल, आरआरएन, सरकारी तथा गैरसकारी सङ्घसंस्थाका प्रतिनिधि, शिक्षक, समाजसेवी र रुपाकोट रेडियो समेतको सहभागीता रहेको थियो । यसै सन्दर्भमा घरेलु हिंसा, कसुर र सजाय ऐन सम्बन्धमा २१ गा.वि.स.का सचिवहरूलाई अभिमुखीकरण गरिएको थियो ।
- २०६७ फागुन १६ मा १०१औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोगको उपक्षेत्रीय कार्यालय, बुटवलले मणिग्राम, रुपन्देहीमा शिक्षा, तालिम तथा विज्ञान प्रविधिमा महिलाको समान पहुँच, सरोकारावालाको भूमिका विषयक अन्तर्क्रिया सम्पन्न गरेको थियो । कार्यक्रममा सरकारी निकायका प्रतिनिधिहरू, सुरक्षा निकायका प्रतिनिधिहरू, महिला विकास अधिकारी, जिल्ला बालकल्याण अधिकृत, राजनैतिक दलका प्रतिनिधिहरू, पेशागत सङ्घसंस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मी एवम् कानुनव्यवसायी, मानव अधिकारको क्षेत्रमा कार्यरत गैससका प्रतिनिधिहरू समेतको उपस्थिति रहेको थियो ।

- २०६७ फागुन २४ मा महिलाविरुद्ध हुने हिंसा तथा महिला अधिकार सम्बन्धमा सचेतना बढाउने कार्यक्रमको मुख्य उद्देश्यले आयोगको उपक्षेत्रीय कार्यालय बुटवलले तेल्वा गाविस, पाल्पामा महिला मानव अधिकारको अवस्था विषयक एक दिने अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रममा महिला समूह, प्यारालिगल समिति, राजनैतिक दलका प्रतिनिधिहरू, उपभोक्ता समितिका प्रतिनिधिहरू, स्थानीय वासीहरू आदिको सहभागिता रहेको थियो ।
- २०६८ जेठ १९ मा नेपाल सरकारद्वारा तयार गरिएको राष्ट्रिय कार्ययोजनाहरूको कार्यान्वयन अवस्थाको बारेमा छलफल गरी सरोकार वालाहरूबीच समन्वय र सहकार्यको रणनीति निर्माण गर्ने उद्देश्यले महिला हकहितसम्बन्धी नेपाल सरकारका राष्ट्रिय कार्ययोजनाहरू र सरोकार वालाहरूको भूमिका विषयक छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

## ५.४. कानुन पुनरावलोकन र राय सुझाव

आयोगले महिलाविरुद्ध हुने सबैप्रकारका भेदभाव उन्मूलनसम्बन्धी अभिसन्धिउपर कानुन पुनरावलोकन गरी देहायबमोजिमका रायसुझाव दिनुको साथै कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ :

- आवधिक प्रतिवेदन लेखन सम्बन्धित सरकारी निकायका अधिकारीहरूलाई तालिम दिइएको,
- महिला हिंसासम्बन्धी कानुनमा पुनरावलोकन गरी त्यसमाथि गरिनु पर्ने कुननको सम्बन्धमा सरकारलाई सुझाव पठाइएको,
- मानव बेचबिखनसम्बन्धी कानुनको पुनरावलोक गरी सरकारलाई सुझाव पठाइएको,
- महिलाविरुद्धको हिंसाको रूपमा बोक्सी प्रचलन र तत्सम्बन्धी कानुनी व्यवस्थाको पूनरावलोकन गरी आयोगको २०६२ वैशाख २७ को निर्णयबमोजिम नेपाल सरकारलाई “महिलाविरुद्धको हिंसाको रूपमा बोक्सी प्रचलन सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको,
- यस महासन्धिको चोथो र पाँचौं आवधिक प्रतिवेदनको सम्बन्धमा २०६५फागुन ११ को निर्णय बमोजिम नेपाल सरकारलाई राय तथा सुझाव उपलब्ध गराइएको,

- "पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०६८" र "मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड,२०६८" नेपाल सरकारलाई सुझाव पठाइएको र
- यस महासन्धि अवाधिक प्रतिवेदनमाथि सम्बन्धित समतिले दिएको सुझावहरूको कार्यान्वयन अवस्थाको पुनरावलोकन गरिएको ।

## ५.५. उजुरी तथा सिफारिसहरू

आयोगमा परेका महिला मानव अधिकारका उजुरी तथा सिफारिसहरूको अवस्था देहायबमोजिम रहेको छः

### ५.५.१ उजुरीहरूको अवस्था

महिला मानव अधिकार विरुद्धका हत्या, हिंसा दिनप्रतिदिन पत्रपत्रिकाहरूमा आउने गरेको र देशको ५१ प्रतिशतभन्दा बढी जनसङ्ख्या महिलाको रहेको भएतापनि न्यायमा सहज पहुँच, चेतनाको कमी, पुरुषनिर्भरता, भयत्रास, प्रतिष्ठाको डर, अशिक्षाजस्ता अनेक कारणबाट आयोगसमक्ष पर्याप्त मात्रामा उजुरीहरू आउन नसकेको अवस्था छ । २०६८ चैत मसान्तसम्म आयोगमा देहायबमोजिम १४५ वटा महिला मानव अधिकारसम्बन्धी उजुरीहरू अनुसन्धानको क्रममा रहेका छन्:

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उजुरी | १२ | २९ | २९ | ५ | १४ | २३ | २ | ६ | २५ | १४५ |

### ५.५.२ सिफारिसहरूको अवस्था

बोक्सीको आरोपमा महिलामाथि भएका अमानवीय व्यवहार तथा शारिरीक र मानसिक यातना दिइएको भन्ने सम्बन्धमा आयोगको सक्रियतामा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित समाचार र विभिन्न सङ्घसंस्थाबाट प्राप्त भएका विभिन्न १३ वटा उजुरीहरूमा आयोगबाट अनुसन्धान छानवीन गरी आयोगको बैठकबाट व्यक्तिको जीउ, धन र स्वतन्त्रताको रक्षा गर्ने अभिभारा लिएको राज्यले यस्ता प्रकृतिका घटनालाई रोकथाम गर्न, दोषीउपर कानुनी कारबाही गर्न तथा पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्नका लागि आवश्यक कानुनको तर्जुमा गरी सोको लागि आवश्यक संयन्त्रको समेत व्यवथा गर्नका लागि

नेपाल सरकारलाई सिफारिस गर्न तथा पीडितहरूलाई जनही रु. ३०,००० तथा मृत्यु भएकी मलेसिया देवीको हकमा निजका आश्रितलाई रु. ५०,००० क्षतिपूर्तिस्वरूप उपलब्ध गराउन नेपाल सरकारलाई मानव अधिकारसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्न तथा यस सम्बन्धमा आयोगको प्रयासमा सहयोग पुऱ्याउनसमेत अनुरोध छ भनी नेपाल सरकारलाई सिफारिस गरेकोछ । आयोगले २०६८ चैत मसान्तसम्म उल्लिखित बोक्सीको आरोपको घटनासहित महिला मानव अधिकार उल्लङ्घनसम्बन्धी १७ उजुरीहरूउपर नेपाल सरकारलाई आवश्यक सिफारिस गरेको छ ।

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सिफारिस | ० | २ | ९ | ० | ० | ० | ० | ३ | ३ | १७ |

***नोटः*** *तथ्याङ्कको अभिलेखन आयोगको २०६५ कार्तिक १ गतेको निर्णयानुसारको क्षेत्राधिकारबमोजिम गरिएकोछ ।*

## ५.६. आयोगले प्रदान गर्ने सेवाहरू

महिला मानव अधिकार विषयमा यस आयोगले देहायमा उल्लेख गरेबमोजिमका सेवाहरू उपलब्ध गराउँदै आएकोछः

- महिला मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका उजुरीहरू ग्रहण गर्ने,
- आयोगले स्वविवेकीय आधारमा पनि उजुरी लिने,
- उजुरीउपर प्रारम्भिक कारबाही गर्ने, पत्राचार तथा सोधपुछ गर्ने,
- महिला मानवअधिकारको अवस्थाको अनुगमन गर्ने,
- उजुरीको छानवीन, तथ्य सङ्कलन, अनुसन्धान गर्ने,
- उजुरीउपर अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा सिफारिस गर्ने,
- सम्वर्द्धनात्मक तथा सचेतनात्मक गतिविधिहरू सञ्चालन गर्ने,
- सरोकारवाला निकायहरूसँग महिला मानव अधिकार रक्षाका लागि समन्वय र सहकार्य गर्ने,
- अनुगमन, अध्ययन, अनुसन्धान तथा सम्वर्द्धनात्मक गतिविधिहरू सम्बन्धमा प्रकाशन गरी वितरण गर्ने,
- तालीम, अन्तरक्रिया, गोष्ठी, संवादका कार्यक्रमहरू सञ्चालन गर्ने,
- महिला मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा राष्ट्रिय कानुनहरूबारे जानकारी गराउने र

- राष्ट्रिय कानुन, नीति तथा कार्यक्रमहरू महिलामैत्री भएनभएको सम्बन्धमा राय तथा सुझाव दिने ।

## ५.७. आयोगका प्रकाशनहरू

आयोगद्वारा स्थापनाकालदेखि हालसम्म प्रकाशन भएका महिला मानव अधिकार लगायत विविध विषयहरूसँग सम्वन्धित अनुगमन, अनुसन्धान, कानुनी परामर्श एवम् सम्वर्द्धनात्मक गतिविधिहरूसँग सम्बन्धित प्रकाशनहरू सरोकारवालाहरूलाई निःशुल्क रूपमा वितरण गर्ने गरिएको छ । आयोगद्वारा प्रकाशित केही प्रमुख प्रकाशनहरूको सूची देहायको तालिकामा उल्लेख भएबमोजिम रहेका छन् :

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १ | राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी ब्रोसियर्स (नेपाली र अङ्ग्रेजी) | २०५७ |
| २ | महिलाअधिकारसम्बन्धी ब्रोसियर्स | २०६१ |
| ३ | चेलिबेटी तथा बालबालिका बेचबिखन-ओसारपोसार विरुद्ध सम्बन्धी ब्रोसियर्स | २०६३ |
| ४ | राष्ट्रिय समाधीक्षकको कार्यालय (सहयोग तथा परामर्श सेवा) सम्बन्धी ब्रोसियर्स | २०६३ |
| ५ | मानव अधिकार स्रोत केन्द्र सम्बन्धी ब्रोसियर्स | २०६३ |
| ६ | राष्ट्रिय मानव अधिकार आयोग एक चिनारी | २०६२ |
| ७ | बन्दीको अधिकारसम्बन्धी ब्रोसियर्स | २०६३ |
| ८ | राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, २०५८-२०६८ (नेपाली र अङ्ग्रेजी), | २०६८ |
| ९ | सङ्कटकाल र मानवअधिकार, अनुगमन प्रतिवेदन, २०५९ (नेपाली र अङ्ग्रेजी) | २०६० |
| १० | नेपालमा मानव अधिकारको स्थितिः एक प्रतिवेदन, २०६० | २०६१ |
| ११ | नेपालमा मानव अधिकारको स्थितिः एक सारांश प्रतिवेदन, २०६० | २०६१ |
| १२ | सङ्कटकालमा मानव अधिकारको अवस्था, २०६२ | २०६३ |
| १३ | युद्धविरामको अवस्थामा मानवअधिकार अवस्थाको अनुगमन, २०६२ | २०६३ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १४ | National Report in Trafficking specially in Women and Children, 2006 | २०६२ |
| १५ | मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिका राष्ट्रिय प्रतिवेदन, २०६२ | २०६३ |
| १६ | छ महिने युद्धविरामको अवधिमा मानव अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन | २०६३ |
| १७ | शान्तिसम्झौताको अवधिमा मानवअधिकार अवस्था सम्बन्धी प्रतिवेदन | २०६३ |
| १८ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज, २०६४-२०६८, | २०६८ |
| १९ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, पोखरा, २०६४-२०६८, | २०६८ |
| २० | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, धनगढी, २०६४-२०६६, | २०६६ |
| २१ | Trafficking in Persons (Women and Children) National Report Summary (ONRT) | २०६५ |
| २२ | राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वायनको अवस्था | २०६५ |
| २३ | Trafficking in Persons Especially on Women and Children in Nepal National Report 2006 - 2007 | २०६५ |
| २४ | बिस्तृत शान्तिसम्झौताको पहिलो, दोश्रो, तेस्रो र चौथो वर्षको अनुगमन प्रतिवेदन, (नेपाली र अङ्ग्रेजी) | २०६-२०६७ |
| २५ | आयोगको एक, दशक महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू, २०५७-२०६७ | २०६७ |
| २६ | Trafficking in Persons especially on Women & Children in Nepal National Report 2008-2009 | २०६७ |
| २७ | आायोगको एक दशक, उजुरीउपर आयोगका सिफारिसहरू, २०५७-२०६७ | २०६७ |
| २८ | मानव बेचबिखन महिला तथा बालबालिका सम्बन्धी राष्ट्रिय प्रतिवेदन सारांश | २०६७ |
| २९ | The report of NHRI's Nepal on the UPR process | |
| ३० | नागरिक समाजसँग आयोगको सहकार्य, सङ्क्षिप्त प्रतिवेदन | २०६८ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| ३१ | राष्ट्रिय मानव अधिकार आयोग: एक झलक | २०६८ |
| ३२ | Trafficking in Persons especially on Women & Children in Nepal National Report, 2009-2010 | २०६८ |
| ३३ | मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदनको सारसङ्क्षेप सन् २००९-२०१० | २०६८ |
| ३४ | महिला मानव अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| ३५ | An Assessment of Human Rights Protection Mechanism at Police Woman and Children Cell in Nepal, December 2004 (NHRC ONRT- The Asia Foundation ) | २०६२ |
| ३६ | | २०६१ |
| ३७ | आयोगका पाँच वर्ष, २०५७-२०६२ | २०६२ |
| ३८ | राष्ट्रिय मानव अधिकार आयोगक चारि वर्षक उपलब्धी (मैथिलीमा) | २०६१ |
| ३९ | बोक्सी प्रचलन र तत्सम्बन्धी कानुनी व्यवस्थाहरूको पूनरावलोकन | २०६२ |
| ४० | A Study of Girls and Women Employed in The Restaurants of Selected Cities in Nepal (NHRC-ILO) | २०६६ |
| ४१ | बिश्वव्यापी आवधीक समीक्षा प्रतिवेदन | २०६७ |

## ६. समन्वय र सहकार्य

मानव अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आयोगको एकल प्रयासबाट मात्र सम्भव छैन । यसका लागि आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कार्यरत विभिन्न मानवअधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू, कुटनीतिक नियोग, संयुक्त राष्ट्रसङ्घीय विभिन्न निकायहरू, नागरिक समाजसँग समेत अर्थ र औचित्यपूर्ण सहकार्य सञ्चालन गर्दै आइरहेको छ । यी विभिन्न निकाय, सङ्घसंस्था, नियोगहरूसँगको सहकार्यलाई आयोगले उच्च प्राथमिकता दिँदै आएको छ ।

राष्ट्रियस्तरमा आयोगले नेपाल सरकार, विभिन्न राजनैतिक दलहरू, संसद, न्यायिक निकायहरू र नागरिक समाज एवम् मानवअधिकार सम्बद्ध

सङ्घसंस्थाहरूसँग छलफल, अन्तर्क्रिया गर्दै आइरहेको छ । आयोगको सहकार्यलाई सङ्क्षेपमा देहायका बुँदाहरूमा चर्चा गरिएको छः

## ६.१. नेपाल सरकार

महिला अधिकारका सम्बन्धमा आयोग र नेपाल सरकार तथा मातहतका निकायहरू, सुरक्षा निकायहरूबीच विभिन्न छलफल, विचार आदानप्रदान, पत्राचार, सहकार्य, छलफल हुँदै आएको छ । राष्ट्रिय महिला आयोग, नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा केन्द्र आयोगले समन्वय सहकार्य गर्दै आएको छ । आयोगले गरेका नीतिगत सिफारिसहरू कार्यान्वयन गर्न नेपाल सरकार तथा अन्य निकायबाट सकारात्मक पहल हुनु स्वागतयोग्य विषय हो ।आगामी दिनहरूमा यस्ता सिफारिसहरूको पूर्ण कार्यान्वयन हुने अपेक्षा गरिएकोछ ।

## ६.२. नागरिक समाज

मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घसङ्गठनहरूसँग महिला मानव अधिकारका सम्बन्धमा आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्ध रहँदै आएको छ । नेपालका पाँच विकास क्षेत्रका अधिकांश जिल्लाहरूमा आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरू मार्फत आयोगले नागरिक समाजसँगको सहकार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ । आयोगले माइती नेपाल, इन्सेक, एड्भोकेसी फोरम, एविसी नेपाल, सञ्चारिका समूह, महिला कानुन तथा विकास मञ्च, कानुनी सहायता तथा परामर्शकेन्द्र, नेपाल बार एशोसियशन आदि संस्थाहरूसँग पनि सहकार्य र समन्वय गर्दै आएको छ ।

नागरिक समाज तथा गैरसरकारी संस्थाहरूमार्फत आयोगले महिला मानव अधिकारसम्बन्धी विभिन्न सूचना एवम् जानकारी र उजुरीहरू प्राप्त गर्ने गरेको छ । यसै गरी यी संस्थाहरूले आयोगमा उजुरीहरू पठाई मानव अधिकार संरक्षणमा सत्रिय भूमिका निर्वाह गर्नुका साथै अनुसन्धान, अनुगमनका त्रममा आयोगलाई विभिन्न राय, परामर्श, सुझावहरूसमेत दिँदै आएका छन् । संयुक्त रूपमा कार्यक्रमको आयोजना, तालीम, सेमिनार, अन्तर्क्रिया,

छलफलमार्फत आयोगले नागरिक समाजसँग सहकार्य गर्दै आइरहेको छ। नागरिक समाजबाट आयोगले मानव अधिकार संरक्षण र सम्वर्द्धनको क्षेत्रमा पाएको सहयोगको उच्च मूल्याङ्कन गरिएको छ।

## ६.३. सञ्चार जगतसँगको सहकार्य

महिला मानव अधिकारका सवालहरूमा आयोगको धारणा सार्वजनिक गर्नका लागि आयोगले सञ्चार जगतको सहयोग लिँदै आएको छ। हाल आएर आयोगले रेडियो सगरमाथाबाट मानव अधिकार सचेतना कार्यत्रम सञ्चालन गर्दै आइरहेको छ। यसैगरी विभिन्न रेडियो र टेलिभिजन लगायतका सञ्चार माध्यमहरूबाट पनि आयोगले मानव अधिकारका विषयवस्तुहरूको प्रचारप्रसार गर्दै आइरहेको छ।

## अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य

आयोगको क्षमता बिस्तार, भौतिक संरचना सुधार लगायतका विषयमा स्थापनाकालदेखि नै अन्तर्राष्ट्रिय निकायहरूसँग सौहाद्रपूर्ण सम्बन्ध र सहकार्य रहँदै आएको छ। यसै क्रममा आयोग र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (OHCHR Nepal) ले २०६५ फागुन ९ मा दुवै संस्थाहरूबीच सहकार्यसम्बन्धी मार्ग-निर्देशन (Guideling of Cooperation) मा हस्ताक्षर सम्पन्न भएको थियो।

आयोगको युरोपेली युनियन सँगको सहकार्यले आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको बिस्तार भयो। यसबाट महिला अधिकारसँग सम्बन्धित क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँगको पहुँच र सहकार्य सहज भएको छ। आयोग स्थापना हुनुभन्दा अगाडि नै मानवअधिकारका क्षेत्रमा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्थाहरू कार्यरत रहँदै आएको परिप्रेक्षमा आयोग र नागरिक समाजबीच सहकार्य हुनु अत्यन्त स्वभावीक र आवश्यक छ।

मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घसङ्गठनहरूसँग आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्ध रहँदै आएको छ। यस्ता सबै सङ्घसंस्थाहरूलाई आयोगले सरोकारवालाका रूपमा लिएको छ। नेपालका पाँच विकास क्षेत्रका अधिकांश जिल्लाहरूमा आयोगले नागरिक समाजसँगको सहकार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ।

# ७. आयोगका कार्यालयहरू

## केन्द्रीय कार्यालय

| | |
|---|---|
| हरिहर भवन, ललितपुर<br>इमेल nhrc@nhrcnepal.org<br>वेवसाइट www.nhrcnepal.org | पो.ब.न. ९१८२, काठमाडौं<br>फोन ०१ ५०१००१५, १६, १७, १८<br>फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५<br>हटलाइन २ ११ ११ ११ |

## क्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. विराटनगर | बरगाछी चोक | फोन ०२१ ४६१९३१, ४६१०९३<br>फ्याक्स ०२१ ४६११०० |
| २. जनकपुर | जनकपुरधाम | फोन ०४१ ५२७८११, ५२७८१२<br>फ्याक्स ०४१ ५२७२५० |
| ३. पोखरा | जनप्रिय मार्ग | फोन ०६१ ४६२८११, ४६२८२२<br>फ्याक्स ०६१ ४६५०४२ |
| ४. नेपालगञ्ज | शान्तिनगर | फोन ०८१ ५२६७०७, ५२६७०८<br>फ्याक्स ०८१ ५२६७०६ |
| ५. धनगढी | उत्तर बेहेडी | फोन ०९१ ५२५६२१, ५२५६२२<br>फ्याक्स ०९१ ५२५६२३ |

## उपक्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. खोटाङ | दिक्तेल | फोन ०३६ ४२०२८४ |
| २. रुपन्देही | बुटवल | फोन ०७१ ४४६९११ |
| ३. जुम्ला | खलङ्गा | फोन ०८७ ५२०२२२ |

## केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौ
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन २ ११ ११ ११

## क्षेत्रीय कार्यालयहरू

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, जनकपुरधाम
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६२८२२
फ्यायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर,
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

## उपक्षेत्रीय कार्यालयहरू

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४
रूपन्देही, बुटवल, फोन ०७१ ४४६९११
जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२